१

# नेपाल बार एशोसिएशनको

## वार्षिक साधारणसभा तथा ४७ औं केन्द्रिय कार्यकारिणी परिषदको बैठकबाट जारी गरिएको

## घोषणापत्र

## फाल्गुण, २०७७

नेपाल बार एशोसिएशनले आफ्नो स्थापना कालदेखि नै मानव अधिकार तथा मौलिक हक, विधिको शासन, स्वतन्त्र तथा सक्षम न्यायपालिका, संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा निर्वाह गर्दै आएको भूमिकालाई आत्मसात गर्दै,

जनतामा निहित सार्वभौमसत्ता, संघीयता शासन, समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता लगायतका संविधानका आधारभूत संरचनाहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने गरी लोकतान्त्रिक मुल्य, मान्यताको मर्म र भावनालाई ग्रहण गर्दै,

मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरुलाई स्वतन्त्र न्यायपालिकाबाट न्याय निरुपण गरी पीडितलाई पूर्ण न्याय दिने क्रममा राज्यबाट बारम्वार हस्तक्षेप गर्ने कार्यको निन्दा गर्दै,

नेपाल उपर अन्तर्राष्ट्रिय कानुनले निरोपित गरेको दायित्व परिपालना गर्नु पर्ने आवश्यकतालाई मनन् गर्दै नेपाल बार एशोसिएशनको २०७७ साल फाल्गुण १४ र १५ गते सम्पन्न भएको वार्षिक साधारणसभा तथा ४७ औं केन्द्रिय कार्यकारिणी परिषदको बैठकबाट निम्न बमोजिम घोषणापत्र जारी गरिएको छ ।

१. **संविधान कार्यान्वयन सम्बन्धमा:**

- जनतामा निहित सार्वभौमसत्ता, विधीको शासन, मानव अधिकार तथा मौलिक हक, स्वतन्त्र न्यायपालिका, बालिग मताधिकार, वहुदलिय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणाली, संघीय तथा समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्दै नेपालको संविधानमा उल्लेखित प्रावधानहरुलाई प्रभावकारी कार्यान्वयन गर्न राज्यका सम्पूर्ण तह तथा निकायहरु लागि पर्नेछन् भन्ने वैध अपेक्षा राख्दै हालै सर्वोच्च अदालतबाट भएको प्रतिनिधीसभाको पुन:स्थापनाको आदेश संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण विषय भएको महशुस गर्दै नेपालको संविधानको मूल मर्म तथा अक्षरश: पालना गर्न यो बैठक सरोकारवाला सबैको ध्यानाकर्षण गराउँदछ ।

- नेपालको संविधानको धारा २९२ मा संवैधानिक परिषदको सिफारिशमा नियुक्त हुने संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्ति हुनु पूर्व अनिवार्य रुपमा संसदीय सुनुवाई हुनु पर्ने शक्तिपृथकीकरण र नियन्त्रणको मुल मर्म रहेकोमा सो विपरित प्रतिनिधी सभा विघटन भइरहेको अवस्थामा संसदीय सुनुवाई वेगर हालै भएको संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्तिका सम्वन्धमा यो परिषदको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता कार्यलाई संविधानको भावना र मर्म प्रतिकुल भएको कार्य प्रति यो परिषद बैठक असहमति प्रकट गर्दछ ।

- नेपालको संविधानको धारा ११४ ले संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केहि गर्न आवश्यक परेमा अध्यादेश जारी गर्न सकिने संवैधानिक व्यवस्था भएकोले जुनसुकै समय र अवस्थामा उक्त धारा ११४ को प्रयोग नगर्न नगराउन परिषदको यो बैठक नेपाल सरकार मन्त्री परिषदको गंभीर ध्यानाकर्षण गराउँदछ ।

- सर्वोच्च अदालतबाट प्रतिनिधिसभा विघटन कार्य असंवैधानिक ठहर भई प्रतिनिधिसभा पुन:र्स्थापना भएको वर्तमान परिप्रेक्ष्यमा राजनीतिक दलहरुले एक आपसमा सहकार्य गरी, संवैधानिक नैतिकता देखाई मुलुकलाई राजनीतिक निकास र स्थिरता प्रदान गरोस भनी यो बैठक गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२. **न्यायपालिका सम्बन्धमा:**

- संवैधानिक इजलाश सम्वन्धी संवैधानिक व्यवस्था संविधानत: प्रधान न्यायाधीशको अनिवार्यताले प्रधान न्यायाधीश संलग्न भएको विषयको न्यायिक निरोपणमा जटिल संवैधानिक गतिरोध उत्पन्न भएको आम रुपमा महसुश गरिएकोले उक्त संवैधानिक प्रावधान सुधार गर्नु पर्ने तर्फ सम्वन्धित निकायको ध्यानाकर्षण गर्दछ । यसका साथै सर्वोच्च अदालतका सम्पूर्ण ईजलाशहरु संविधान र कानुनको व्याख्या गर्न उत्तिकै सक्षम रहेको देखिने गरी प्रणालीगत सुधार गर्नको लागि यो बैठक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

- स्वचालित पेशी व्यवस्थापन (Automation) सम्बन्धमा सर्वोच्च अदातलबाट २०७७।४।२७ मा अध्ययन प्रतिवेदन समिति गठन भई सो बारे अध्ययन भईरहेकोले उक्त समितिको प्रतिवेदन प्राप्त भई तत्सम्बन्धी कानुनी व्यवस्था नभएसम्म गोला प्रथा (Raffle) प्रक्रियाद्धारा नेपाल भरका सम्पूर्ण तहका अदालतमा पेशी व्यवस्थापन गर्न सर्वोच्च अदालतसँग जोडदार माग गर्दछ ।

- मुद्दा मामिलाको बहसको क्रममा कानुन व्यवसायीले प्रस्तुत गर्ने बहसनोट छिट्टै धुल्याइने कागजको कलममा परेबाट संरक्षित हुन सकेको छैन । कानुनी साहित्यको महत्वपूर्ण दस्तावेज हुन सक्ने त्यस्ता कागजातहरु विलुप्त हुन गइरहेको छ । त्यस्तै सुनुवाईको क्रममा न्यायकर्ताबाट व्यक्त हुने जिज्ञासा एवं गरिने प्रश्नहरु समेत फैसलामा लेखवद्ध गर्ने परिपाटीको शुरुवात हुन सकेको छैन । त्यस्ता प्रश्नहरु फैसलाको अनुसूचिमा राख्ने पद्धतिको विकास गर्दा फैसलाको ओज र गरिमा दुवै वृद्धि हुने हुन्छ । अत: कमसेकम हाललाई राष्ट्रिय महत्वका मुद्दामा सर्वोच्च अदालतबाट भएका वा हुने फैसलामा संलग्न गरी न्यायाधीशको जिज्ञासा, प्रश्न र कानुन व्यवसायीको बहसनोटलाई सोको अनुसूचिमा समावेश गर्न सर्वोच्च अदालत समक्ष आवश्यक पहल गर्न नेबाएलाई यो बैठक निर्देश गर्दछ ।

Nepal Bar Association

- नेपालको संविधानको धारा १३६ बमोजिम सर्वोच्च अदालत र मातहतका अदालत, विशिष्टिकृत अदालत तथा अन्य न्यायिक निकायहरुको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने संवैधानिक व्यवस्था बमोजिम संवैधानिक दायित्व प्रधान न्यायाधीशबाट पुरा हुनेछ भन्ने कुरामा यो बैठक सम्माननीय प्रधानन्यायाधीशको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

- सबै तहका अदालतमा आवद्ध न्यायाधीशहरु तथा न्यायपालिकामा कार्यरत राष्ट्रसेवकहरुको सम्पत्तिमा पारदर्शिता कायम रहन वाञ्छनीय देखिएकोले त्यस्ता पदाधिकारीहरुको सम्पत्ति जाँच सम्बन्धी आवश्यक कानुनी व्यवस्था गर्न गराउँन यो बैठक सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

३. **मौलिक हक र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन सम्बन्धमा:**

- मानव अधिकार तथा मौलिक हकको संरक्षण एवं सम्वर्द्धनका सम्बन्धमा अदालतबाट भएका फैसला तथा निर्देशनात्मक आदेश, मानव अधिकार आयोगले अनुसन्धान तथा छानबिन गरी कारवाही गर्नु भनी नेपाल सरकार समक्ष पठाइएका सिफारिशहरुको समेत अविलम्ब कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला निकायहरुलाई यो परिषद गम्भीर ध्यानाकर्षण गराउँदछ ।

- संविधान प्रदत्त मौलिक हक विपरित विचार र आस्थाकै कारण राजनीतिक दलका नेता, कार्यकर्ता, पत्रकार, विद्यार्थी, कानुन व्यवसायी समेतलाई पक्राउ गरी गैरकानुनी थुनामा राख्ने र सर्वोच्च अदालतबाट पुन: पक्राउ नगर्नु भनी निर्देशनात्मक आदेश सहितको बन्दि प्रत्यक्षीकरणको आदेश जारी भएपश्चात पनि अदालत परिसरबाटै पटक पटक पक्राउ गर्ने कार्य श्रृंखलावद्ध रुपमा जारी रहेको, अन्य अदालत र अर्धन्यायिक निकायबाट थुना मुक्त गर्नु भनि भएको आदेश समेतको अवज्ञा गर्दै निरन्तर पक्राउ गर्ने कार्यबाट मानव अधिकार र कानुनी शासनको उपहास भएको यो परिषद बैठक ठहर गर्दछ । यसरी पटक पटक पक्राउ गरेकोमा सर्वोच्च अदालतबाट नेपालको संविधानको धारा १२८ (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ बमोजिम अदालतको अवहेलनामा सम्बन्धित अधिकारीलाई कारबाही हुने भनी ध्यानाकर्षण गराइएकोमा सोको समेत पटक पटक अवज्ञा गरी पटक पटक पक्राउ गर्ने कार्य अविलम्व रोक्न यो बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

- नेपाल बार एशोसिएशनबाट साविकमा हुँदै आएको मानव अधिकार उल्लंघनको घटनाको छानविन प्रतिवेदनको तयारी दोषी माथी कारवाहीको लागि पहल जस्ता नेबाएको विधानको आधारभूत मर्मसँग सम्बन्धित कार्यमा अविलम्व एक उच्चस्तरिय मानव अधिकार उल्लंघन तथा अनुगमन व्युरो तत्काल गठन गरी सो कार्यमा प्रभावकारीता ल्याइयोस भनी नेबाएलाई यो परिषद बैठक निर्देश गर्दछ ।

Nepal Bar Association

- बलात्कार लगायत महिला विरुद्धको हिंसाका घटनाहरु दिनानुदिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा त्यस्ता घटनाहरुको गहिराइ सम्म पुगी शिघ्र, प्रभावकारी अनुसन्धान गरी दोषीलाई हदैसम्म सजाय तथा पीडितलाई अन्तरिम क्षतिपूर्ति, परिपूरण लगायत पुनःस्थापना सहितको न्याय प्रदान गर्न नेपाल सरकार समक्ष यो परिषद जोडदार माग गर्दछ ।

- कानून प्रणालीको सक्षमतासँग सम्बन्धित महत्वपूर्ण र संवेदनशील विषयहरु हुन् । यी विषयहरु अपवादमा मात्र बस्तुनिष्ठतामा आधारित भइ कानून, प्रमाण र बिवेकको सम्मिश्रणमा अत्यावश्यक अवस्थामा मात्र प्रयोग हुनु पर्ने हो । यस्तो अधिकारको प्रयोगमा प्रयोगकर्ताको व्यक्तिगत लाभ र आर्जन जस्ता तत्वहरु प्रेरक तत्वको रुपमा रहेको कुरा यथार्थतः हुनु हुँदैन त्यस्ता कुरा शंका गर्न अवस्थासम्म पनि आउन दिनु हुँदैन । यस प्रकारका क्रियाकलापमा उल्लेखित अपेक्षा विपरितका काम कारबाहीहरु भए गरेको विषय सार्वजनिक जानकारीमा आएकाले यस्ता क्रियाकलापलाई यो बैठक गंभीर घटनाको रुपमा ग्रहण गरी त्यस्ता क्रियाकलापहरु यो वैठक भर्त्सना गर्दछ ।

- अदालती प्रणालीमा धरौटी बापतको जेथा जमानत राखिदिने क्रियाले व्यापारिक रुप लिई झाँगिदै गई विकराल रुप लिइसकेको छ । न्यायिक प्रक्रियालाई यसले थप बिकृत बनाइरहेको छ । न्यायिक प्रकृयाको व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धित संवेदनशील विषयमा व्यापारिक प्रकृतिको काम कारवाही फष्टाउनु निश्चित नै अनपेक्षित घटना भएकोले त्यस तर्फ सुधारको प्रभावकारी कदम प्राथमिकतासाथ चाल्न आवश्यक पहल गर्न नेबाएलाई यो बैठक निर्देश गर्दछ ।
- व्यक्तिले राख्ने नगद, कोर्ट फी र धरौटी जम्मा रकमहरु फिर्ता पाउँदा ब्याज सहित विना झञ्झट फिर्ता पाउने व्यवस्था मिलाउनका निमित यो बैठक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

४. **न्यायपरिषको सम्बन्धमा**

- न्यायपालिकामा हुन सक्ने विकृती, विसंगति, अनियमितता तथा विचौलियावाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नु पर्ने प्रभावकारी उपायहरुका सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतको माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिबाट तथ्य संकलन गरी प्रतिवेदन लेखनको कार्य भईरहेको वुझिएको र उक्त समितिको प्रतिवेदन २०७७ चैत्र मसान्त भित्र आउने सम्भावना भएको बुझिएकोले सो प्रतिवेदन नआएसम्म जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत समेतमा न्यायाधीश नियुक्तिको प्रक्रिया अगाडी नबढाइयोस भनी यो कार्य कारिणी परिषदको बैठक न्याय परिषदको ध्यानाकर्षण गराउँदै यस विषयमा नतिजामूलक ठोस पहल गर्नका लागि नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

- विगत केही समयदेखि भएका न्यायाधीश नियुक्ति चरम बिवादमा परेको मात्र होइन, त्यस्ता नियुक्तिले न्यायिक सक्षमतामा नै गम्भीर प्रश्न खडा गरेकोले अब उप्रान्त न्यायाधीश नियुक्तिलाई विवाद रहित र पारदर्शी बनाउन कुनै पनि तहका न्यायाधीश नियुक्ति गर्नु पूर्व न्यायपरिषदले

नेपाल बार एशोसिएशनसँग परामर्श गरेर मात्र नियुक्ति गरिने परिपाटीलाई अंगिकार गरियोस भनी सम्वन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

५. **कानुन व्यवसायीको हक, हित र मर्यादाक्रम सम्बन्धमा**

- कानुन व्यवसायीको संख्या वृद्धि, कानुन शिक्षा अध्ययन गर्ने छात्रछात्राको व्यापक आकर्षणलाई व्यवस्थित एवं संस्थागत गर्न र नवप्रवेशी कानुन व्यवसायीलाई कानुन व्यवसायमा स्थापित गर्न, कानुन व्यवसायीबाट लिगल अडिट गराउने, प्रवन्ध पत्र नियमावली विधान प्रमाणित गर्ने, विवाह प्रमाणीत गरी प्रमाणपत्र जारी गर्ने, अधिकृत वारेशनामा प्रमाणीत गर्ने जस्ता कार्यहरु कानुन व्यवसायको अधिकार क्षेत्र भित्र राख्नका लागि तत्काल परिषद ऐनमा संशोधन गर्न ठोस एवं गम्भीर पहल गर्न कानुन व्यवसायी परिषदलाई यो बैठक आव्हान गर्दछ ।

- कानुन व्यवसायीको गुणात्मक, व्यवसायीक तथा व्यवहारिक कानुनी शिक्षा विना उनीहरुको बृत्ति विकास असम्भव प्रायः हुने हुनाले अविलम्व कानुनी शिक्षा नियमावली लागू गरी कार्यान्वयन गर्न कानुन व्यवसायी परिषदको यो बैठक गम्भीर ध्यानाकर्षण गराउंदछ ।

- कानुन व्यवसायीको दुर्घटना तथा स्वास्थ्यमा आउने गम्भीर समस्यालाई केही मात्रामा भएपनि सुरक्षित जीवनयापन गर्न सहज हुने गरी सामुहिक बिमा गर्न तथा कल्याणकारी कोषलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गर्न नेबाए तथा कानुन व्यवसायी परिषदलाई यो बैठक आव्हान गर्दछ ।

६. **कानुन व्यवसायी परिषद सम्बन्धमा**

- कानुन व्यवसायी राज्यका वौद्धिक पूंजी (Think Tank) भएको र समाज विकास एवं जनचेतना अभिवृद्धि कार्यमा अतुलनीय भूमिका निर्वाह गर्दै आएका कानुन व्यवसायीहरुको हालसम्म पनि राष्ट्रिय मर्यादाक्रम निर्धारण नभएकोले कानुन व्यवसायीहरुको समेत राष्टिय मर्यादाक्रम निर्धारण गर्न यो बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउंदछ ।

- कानुन व्यवसायी परिषद ऐन संशोधन हुन गइरहेको परिप्रेक्ष्यमा नेबाएका सम्पूर्ण बार एकाईहरुसँग व्यापक परामर्श गरी ऐन संशोधन गर्न यो बैठक नेपाल कानुन व्यवसायी परिषदको ध्यानाकर्षण गराउँदछ ।

७ **लयर्स एकेडेमी सम्बन्धमा**

- लयर्स एकेडेमीको स्थापनामा विगत वर्षदेखि गम्भीर आवाज उठेपनि उपलब्धि नभए तर्फ यो बैठक नेबाएको गम्भीर ध्यानाकर्षण गराउदै लयर्स एकेडेमी ऐन जारी गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

८. **नेपाल बार एशोसिएशनको भूमिका सम्बन्धमा**

- नेपाल बार एशोसिएशनको राष्ट्रिय सम्मेलन, कार्यकारिणी परिषदको बैठक, मानव अधिकार सम्वन्धि सम्मेलन, कानुन व्यवसायी महिला राष्ट्रिय सम्मेलन लगायतका बैठकहरुबाट समसामयिक तथा राष्ट्रिय सरोकारका विषयमा घोषणा पत्र जारी गर्ने प्रचलन रहि आएको छ । सम्वन्धित निकाय र अधिकारीबाट घोषणा पत्रमा उठाइएका विषयहरु कार्यान्वियन भए नभएको बारे निरन्तर अनुगमन गर्न नेपाल बार एशोसिएशनबाट संयन्त्र बनाउन यो परिषद बैठक नेपाल बार एशोसिएशन कार्य समितिलाई निर्देश गर्दछ ।

- नेपाल बार एशोसिएशानद्धारा जारी गरिने प्रेस विज्ञप्ती नेपाल बार एशोसिएशनको बिधान अनुरुप कार्य समिति वा सचिवालयको बैठक बसी वा प्रत्यायोजित अधिकार अन्तर्गत महासचिवको हस्ताक्षरबाट जारी गरिने प्रावधानहरुको अक्षरश: पालना हुनुपर्दछ । यस विपरित विगत केही समयदेखि बारका पदाधिकारी वा पदाधिकारीहरुको नामबाट अलग अलग विज्ञप्ती जारी हुने घटना यदाकदा हुने गरेको देखिएकोले बारको संस्थागत मर्यादा, विश्वसनीयता तथा साखलाई ध्यानमा राखि नेबाएका क्रियाकलाप अगाडी बढाउन नेपाल बार एशोसिएशन कार्य समितिलाई यो बैठक निर्देश गराउँदछ ।

- सम्पूर्ण जिल्ला तथा उच्च अदालत स्थित बारहरुको भौतिक पूवाधार सुदृढिकरण गरी प्रविधियुक्त सुविधा, अत्याधुनिक पुस्तकालय, वेभसाइटको विकास, केन्द्र र अन्य बार एशोसिएशनसँग जोडिने संजालको विस्तार समेतका कार्य बारका नीति तथा कार्यक्रममा समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो बैठक नेपाल बार एशोसिएशनलाई निर्देश गर्दछ ।

- वरिष्ठ अधिवक्ताको उपाधि सम्बन्धमा मापदण्डको निर्माण एवं कार्यान्वयनको चरणमा पुर्‍याइएको एक विशेष कदम हो । मापदण्ड अनुरुप सूचना प्रकाशन एवं विवरण संकलनको कार्य भैसकेको यस स्थितिमा मापदण्डका आधारमा यस सम्बन्धी कारवाही तत्काल टुंगोमा पुर्‍याइयोस् भनी यो बैठक जोडदार माग गर्दछ । साथै आगामी दिनमा जिल्ला अदालतमा केन्द्रित भई बहस गर्ने कानून व्यवसायी वरिष्ठ अधिवक्ताका लागि योग्य हुने गरी नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० मा संशोधनका लागि शीघ्र पहल गर्न नेबाए कार्य समितिलाई यो बैठक निर्देश गर्दछ ।

९. **फौजदारी न्याय प्रशासन सम्बन्धमा**

- फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११७ र ११८ ले निर्दिष्ट गरेको कानुनको प्रभावकारी परिपालना भएमा अदालतमा विचाराधिन ठगी, बैंकिग कसुर, वैदेशिक रोजगार ठगी जस्ता मुद्दाका पीडितहरुको सम्पत्तिको हानी नोक्सानीको असुल उपर चाँडो हुने भई अदालतमा थुप्रिएका संख्यात्मक चापलाई पनि न्यूनिकण गरी मेलमिलापबाटै विवादको निराकण गरी न्यायपालिका र नेपाल सरकार समेतले अवलम्बन गरेको नीतिले समेत मूर्त रुप लिने हुँदा उल्लेखित किसिमका मुद्दाहरुमा मिलापत्र गराउन कुनै बाधा अड्चन सिर्जना नहुने सहजिकरणको व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयको ध्यानाकर्षण गराउन नेबाए केन्द्रिय कार्य समितिलाई यो बैठक

निर्देश गर्दछ । साथै यस प्रकारका मुद्दाहरुमा कार्यान्यनको तहमा समेत मिलापत्र गरी कैद जरिवानको लगत कट्टा हुने व्यवस्था गर्नका निमित्त आवश्यक पहल कदमी हुनु पर्ने तर्फ यो बैठक नेबाएको ध्यानाकर्षण गराउँदछ ।

१०. **कोभिड - १९ का सम्बन्धमा**

- कोभिड १९ को प्रकोपका कारण व्यापक रुपमा जनधनको क्षति भएको र नागरिकहरुको जीवनयापन कष्टकर भएको परिप्रेक्ष्यमा WHO को प्रोटोकल अनुरुप खोप समेतको माध्यमबाट यो प्रकोपको नियन्त्रण तथा रोकथाम गरी यसबाट प्रभावित कानुन व्यवसायी लगायत सम्पूर्ण जनसमुदायका लागि राहतका विशेष कार्यक्रम तत्काल घोषणा गर्न यो बैठक नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

<u>घोषणापत्र तयारी समिति</u>

व.अ. खगेन्द्रप्रसाद अधिकारी-संयोजक
व.अ. चन्द्रकान्त ज्ञवाली-सदस्य
अधिवक्ता सुरेन्द्र थापा-सदस्य
अधिवक्ता शंकर सुवेदी-सदस्य
अधिवक्ता विजय प्रसाद मिश्र-सदस्य
अधिवक्ता युवराज भण्डारी-सदस्य
अधिवक्ता सतिशकुमार झा-सदस्य
अधिवक्ता कपिलचन्द्र पोखरेल-सदस्य
अधिवक्ता लक्ष्मी पोखरेल-सदस्य
अधिवक्ता गंगासागर खत्री-सहजकर्ता

२०७८/११/१५